# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं असार ६ गते, २०६२ साल (संख्या १०


## भाग ३

### श्री ५ को सरकार

### कृषि तथा सहकारी मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यको देहायका क्षेत्रमा देहाय बमोजिमका क्वारेन्टाइन चेकपोष्टहरु स्थापना गरेकोले यो सूचना प्रकाशन गरिएको छ:-

| सि.न. | कार्यालयहरुको नाम | कार्यालय रहेको स्थान | कार्यक्षेत्र | निर्धारण गरेका | | |
|---|---|---|---|---|---|---|
| | | | | चेकपोष्टहरु | चेकपोष्टको प्रकृति | |
| | | | | | आन्तरिक अन्तर्राष्ट्रिय वा सीमा | अस्थायी वा स्थायी |
| १ | केन्द्रिय पशु क्वारेन्टाइन कार्यालय | त्रिपुरेश्वर, काठमाण्डौ | अधिराज्य भर | सबै | | |
| २ | पशु क्वारेन्टाइन कार्यालय | काकरभिट्टा | इलाम<br>झापा<br>ताप्लेजुङ | पशुपतिनगर<br>काकरभिट्टा, गौरीगन्ज | सीमा<br>सीमा<br>सीमा | स्थायी<br>स्थायी<br>स्थायी |
| ३ | पशु क्वारेन्टाइन कार्यालय | विराटनगर | मोरङ<br>सुनसरी<br>सिराहा<br>सप्तरी | रानी (रंगेली नाका सहित)<br>भन्टाबारी<br>माडर | सीमा<br>सीमा<br>सीमा | स्थायी<br>स्थायी<br>स्थायी |
| ४ | पशु क्वारेन्टाइन कार्यालय | जनकपुर | धनुषा<br>महोत्तरी<br>सर्लाही | जठही,<br>भिट्ठामोड<br>मलंगवा | सीमा<br>सीमा<br>सीमा | स्थायी<br>स्थायी<br>स्थायी |
| ५ | पशु क्वारेन्टाइन कार्यालय | बीरगंज | रौतहट<br>पर्सा<br>बारा | औरया<br>सिर्रसिया<br>पथलैया | सीमा<br>सीमा<br>आन्तरिक | स्थायी<br>स्थायी<br>स्थायी |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | पशु क्वारेन्टाइन कार्यालय | काठमाडौं | सिन्धुपाल्चोक<br>त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल<br>चितवन<br>रसुवा | सिन्धुपाल्चोक<br>त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल<br>रामनगर | सीमा<br>अन्तर्राष्ट्रिय<br>आन्तरिक | स्थायी<br>स्थायी<br><br>स्थायी |
| ७ | पशु क्वारेन्टाइन कार्यालय | भैरहवा | रुपन्देही<br>कपिलबस्तु<br>नवलपरासी | वेलहीया<br>कृष्णनगर<br>त्रिवेणी | सीमा<br>सीमा<br>सीमा | स्थायी<br>स्थायी<br>स्थायी |
| ८ | पशु क्वारेन्टाइन कार्यालय | नेपालगज | बांके<br>बर्दिया<br>दाङ | भसाररोड (नेपालगंज)<br>गुलरिया | सीमा<br>सीमा | स्थायी<br>स्थायी |
| ९ | पशु क्वारेन्टाइन कार्यालय | गड्डाचौकी | कैलाली<br>कन्चनपुर<br>दार्चुला<br>डडेल्धुरा<br>वैतडी | धनगढी<br>गडडाचौकी<br>दार्चुला<br>झुलाघाट | सीमा<br>सीमा<br>सीमा<br>सीमा | स्थायी<br>स्थायी<br>स्थायी<br>स्थायी |

द्रष्टव्य:

पशु सेवा विभागको सहमति लिई केन्द्रिय पशु क्वारेन्टाइन कार्यालय त्रिपुरेश्वरले संक्रामक पशु रोग फैलिएको अवस्थामा, सो रोग नियन्त्रण गर्ने सिलसिलामा वा आकस्मिक रुपमा चेक जाँच गर्नुपर्ने अवस्थामा आवश्यकता अनुसार अस्थायी क्वारेन्टाईन चेकपोष्टहरु खडा गरी छड्के जाँच गर्न सक्नेछ।

## सूचना २

श्री ५ को सरकारले बीउ बिजन नियमावली, २०५४ को नियम २३ ले दिएको अधिकार प्रयोग गरी उक्त नियमावलीको अनुसूची १ को सट्टा देहायको अनुसूची १ राखी हेरफेर गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

अनुसूची - १

(नियम ११ को खण्ड (ख) संग सम्बन्धित)

खण्ड क

बीउ बिजनको नयाँ जातको अनुमोदन र उन्मोचनका लागि दिइने दरखास्त फारामको नमूना

श्री जात अनुमोदन, उन्मोचन तथा दर्ता उप-समिति

.........................................

विषयः

मैले/हामीले तल उल्लेखित नयाँ जातको बीउ विजन प्रजनन गरेको/छनौट गरेकोले उक्त जातको बीउ विजनको दर्ता/उन्मोचन/स्वीकृतिको लागि यो निवेदन प्रस्तुत गरेका छौं/छु।

प्रस्तावित नाम

१. पृष्ठभूमि
२. सामान्य जानकारीः-
   - २.१. चलन चल्तीको नामः
   - २.२. वनस्पतिक नामः
   - २.३. वास्तविक नाम/परीक्षण गर्दा प्रयोग गरिएको सांकेतिक नाम :
   - २.४. वंश-विवरणः
   - २.५. पुर्खा (प्रजननमा भाले र पोथी पुर्खाको रुपमा प्रयोग गरिएका जातहरु)
   - २.६. उदगम देशः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.७. सामग्री स्रोत (संस्था, कृषक, कृषक समुदाय, परीक्षणको नाम र यो सर्वप्रथम प्रयोगमा ल्याइएको वर्ष आदि)

२.८. नेपालमा जातको परीक्षण गरिएका स्थान र वर्ष:

| वर्ष | परीक्षण | स्थान | स्रोत सन्दर्भहरु २ |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

२.९. कृषकको जग्गा जाँच (Farmers Field Trial), सहभागितात्मक जाच सुचांक सुचक र सरोकारवालाहरुको प्राथमिकता: ३

| वर्ष | प्रयोग जांच | अवस्थित | सरोकालवालाहरुको रुचिका प्रमुख गुणहरु ४ | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२.१० सरोकारवालाहरुको समग्र प्राथमिकता:

३. विरुवाका किसिमका लक्षणहरुको छोटकरी बिवरण:

१. कृषकको जातको सम्बन्धमा पुर्खाको विवरण लागु नहुन सक्छ र वर्णशंकर जातको वंशजको खुलासा कम्पनीले गर्न वा नगर्न पनि सक्छ ।

२. यो फारामको अन्त्यमा प्रयोगात्मक नतिजाको विवरण समावेश गर्नुहोस् र अनुसूचीका नम्वरहरु मात्र यहां उल्लेख गर्नुहोस् ।

३. सरोकारवालाहरु भन्नाले कृषक, उपभोक्ता, प्रशोधन उद्योग, व्यापारी, बीउ बिजन कम्पनी/एग्रोभेटहरुलाई बुझाउंछ ।

४. सरोकारवालाहरुको अभिरुचिको प्रमुख लक्षणहरुमा (१) बाली सम्पादन तथ्यांक (२) बिषम परिस्थिति सहने क्षमता (३) गुणस्तर (४) आर्थिक महत्व (५) अन्य (केही भए, वर्णन गर्नुहोस्) पर्दछन् । अन्त्यमा परीक्षणको नतिजाको विवरण संलग्न गर्नुहोस् र यसमा केवल अनुसूचीका नम्वर उल्लेख गनुहोस् ।

३.१ बाली सम्पादन गुणहरु (Agronomic):

३.१.१ विरुवाको उचांई (से.मि.):

३.१.२ रोपेको दिन देखि फूल फुल्न लाग्ने समय:

३.१.३ रोपेको दिन देखि बाली पाक्न लाग्ने समय:

३.१.४ उब्जनी हुने (केजी./हेक्टर):

३.१.५ उब्जनीको अवयव (उदाहरण:- गांजको संख्या, दानाको संख्या, दानाको तौल आदि)

३.२ बालीको बिषम परिस्थिति (कृपया बिशेष वर्णन गर्नुहोस्)

३.२.१ जैविक बिषमता प्रतिको प्रतिकिया

(क) कीरा फट्यांग्रा:

(ख) रोगहरु:

(ग) झारपात (केही छन् भने)

३.२.२ पराजैविक विषमता

३.३ बालीको आर्थिक महत्व राख्ने भागहरुको गुणस्तर: ६

३.३.१ पोषणिक गुणस्तर

३.३.२ प्रशोधन गुणस्तर

३.३.३ रसायनिक परिवर्तनको जांच (पाक गुणस्तर, स्वाद, वास्ना, ईत्यादि)

३.३.४ अन्य विशेष गुण (केही भए)

३.४ अन्य चारित्रिक गुणहरु (झार्टिने, भण्डारण क्षमता, वजार संभावना, आदि)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४. वाह्य आवरण सम्वन्धी (Morphological) चारीत्रिक गुणहरु (आयतन, आकार, रंग, आदि)
   ४.१ कुनै पनि बालीको जात छुट्याउन प्रमाणिकताको लागि प्रयोग गर्न सकिने चारित्रिक गुणहरु (विशेषतायुक्तपन):
   ४.२ शुक्ष्मकणीय (moleculor) सम्वन्धी चारित्रिक गुणहरु (उपलव्ध छन् भने):
५. सिफारिश क्षेत्र (domain)
   ५.१ कृषि-पर्यावरणीय क्षेत्र (तराई, पहाड, हिमाल आदि) ।
   ५.२ बालीनालीको जाती प्रजाती पिच्छे त्यस्ता गुणहरु फरक हुन सक्नेछन् ।
६. आर्थिक रुपले महत्वपुर्ण बालीको प्रमुख भागहरुमा गेडा/अन्न/पात/जरा/डांठ/टुप्पो/बीउ/पिडालु, आलु जस्तो कन्द/डालो/रेशा/ इत्यादि पर्दछन् ।
   ६.१ चिस्यानको उपलव्धता (सिंचित, अर्ध सिंचित, वर्षाको पानीमा आधारित)
   ६.२ वाली लगाउने समय र अवस्था (उदाहरणको लागि ढाव, खोरिया आदि)
   ६.३ रोप्ने तरीका:
   ६.४ उत्पादन र व्यवस्थापन पक्ष (यो जातको वाली व्यवस्थापन पक्ष सोही बालीको अन्य जातको वाली व्यवस्थापन भन्दा फरक भए विस्तृतरुपमा उल्लेख गर्नुहोस्)
   ६.५ आर्थिक विश्लेषण:
   ६.६ उन्मोचनको कारण:

७. बीउ बिजन आपुर्ति व्यवस्था:

| सि.नं. | बीउको किसिम | उपलब्ध परीमाण (किलो ग्राम) | कहाँ प्राप्त हुन्छ | सम्वन्धित व्यक्ति/संस्था |
|---|---|---|---|---|
| १ | प्रजनन बीउ (Breeder) | | | |
| २ | मूल बीउ (foundation) | | | |
| ३ | अन्य स्तरका बीउ बिजन | | | |

प्रस्तावक
सही:
नाम:
दर्जा:
संस्थाको नाम:
पत्राचार ठेगाना:
टेलिफोन नं.:
फ्याक्स नं.:
इ- मेल:
वेवसाइट (आवश्यक परेमा):

## खण्ड ख

### बालीको जातको सम्वन्धमा राष्ट्रिय बाली लगतमा दर्ताको लागि पेश गरिने प्रस्तावको नमूना

श्री जात अनुमोदन, उन्मोचन तथा दर्ता उप-समिति
……………………………………………………

विषय:

मैले/हामीले तल उल्लिखित नयां जातको बीउ/विजन प्रजनन गरेको/छनौट गरेकोले उक्त जातको बीउ/विजनलाई बाली नालीको जातहरुको राष्ट्रिय सुचीमा दर्ता गरिदिनु हुन यो निवेदन प्रस्तुत गरेका छु/छौ ।
प्रस्तावित नाम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

१. पृष्ठभुमि:
२. सामान्य सूचना:
२.१. चलन चल्ती र वनस्पतिक नाम :
२.२. वास्तविक नाम/परीक्षण गर्दा प्रयोग गरिएको सांकेतिक नाम :
२.३. वंश-विवरण:
२.४. उद्गम देश:
२.५ प्रबिधि विकास गर्न प्रयोग गरिएको पद्धति:
२.६ सामग्रीको स्रोत (संस्था, कृषक, कृषक समुदाय, परीक्षणको नाम र यो सर्वप्रथम प्रयोगमा ल्याइएको वर्ष)
२.७. अनुसन्धान कर्ताले तर्जुमा गरी अनुसन्धान कर्ताले नै व्यवस्थापन गरेको कम्तीमा पनि एक ऋतुको परीक्षणको तथ्याङ्क वा अनुच्छेद २.८ मा उल्लेखित तथ्यांक पेश गर्नु पर्नेछ ।

| सि.नं. | वर्ष | परीक्षण | स्थान | स्रोत/सन्दर्भहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

२.८. कृषकहरुको खेतबारीको परीक्षण सहभागितामूलक तथ्याङ्क/सूचना (गुणात्मक र परिमाणात्मक) र सरोकारवालाहरुको प्राथमिकताहरुबाट लिइएको तथ्याङ्क

| सि.न. | वर्ष | प्रयोग/जाच | अवस्थित | सरोकालवालाहरुको रुचिका प्रमुख गुणहरु | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

२.९ सरोकारवालाहरुको समग्र प्राथमिकता:

३. जातीय गुणको छोटकरी विवरण:
३.१ वाली सम्पादन गुणहरु (Agronomic):
३.१.१ विरुवाको उचाई (से.मि.):
३.१.२ रोपेको दिन देखि फूल फुल्न लाग्ने समय:
३.१.३ रोपेको दिन देखि वाली पाक्न लाग्ने समय:
३.१.४ उब्जनी हुने (केजी./हेक्टर):
३.१.५ उब्जनीको अवयव (उदाहरण- गाजको सख्या, दानाको संख्या, दानाको तौल आदि)

३.२ बालीको आर्थिक रुपमा महत्वपुर्ण भागको गुणस्तर:
३.२.१ भौतिक गुण (साइज, आकार, रंग, आदि)
३.२.२ प्रशोधन
३.२.३ रसायनिक परिवर्तनको जांच (पाक गुणस्तर, स्वाद, वास्ना आदि)
३.२.४ अन्य बिशेष गुण (केही भए)
३.३ अन्य चारित्रिक गुण: (झाटिने, भण्डारण क्षमता, वजार संभावना, आदि)

४. जातीय पहिचानका लागि बाहृय आवरण सम्बन्धी (Morphological) विवरण (आवश्यक परेमा छुट्टै कागजको पाना प्रयोग गर्नुहोस्) ।
४.१ कुनै पनि बालीको जातको प्रमाणिकता छुट्याउनका लागि प्रयोग गर्न सकिने चारित्रिक गुणहरु (विशेषतायुक्तपन):
४.२ शुक्ष्मकणीय (moleculor) सम्बन्धी चारित्रिक गुणहरु (उपलब्ध छ भने):

५. सिफारीसको कार्यक्षेत्र (domain)
५.१ कृषि-पर्यावरणीय क्षेत्र (तराई, पहाड, हिमाल आदि)
५.२ चिस्यानको उपलब्धता (सिंचित, अर्ध सिंचित, बर्षाको पानीमा आधारित)
५.३ बाली लगाउने समय र अवस्था (उदाहरणको लागि ढाव, खोरिया आदि)
५.४ उत्पादन र व्यवस्थापन पक्ष (कृपया यो जातको व्यवस्थापनको बिषयमा विस्तृत सूचना
५.५ वाली नालीको जातको राष्ट्रिय लगतमा सूचीकृत गर्नु पर्नाको कारण:


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. सरोकारवाला भन्नाले कृषक, उपभोक्ता, प्रशोधन उद्योग, व्यापारी, बीउ बिजन कम्पनी/एग्रोभेटहरुलाई बुझाउँछ ।
२. सरोकारवालाहरुको अभिरुचिको प्रमुख लक्षणहरुमा (१) बाली सम्पादन(Agronomic) तथ्यांक (२) बिषम परिस्थिति सहने क्षमता (३) गुणस्तर (४) आर्थिक महत्व (५) अन्य (केही भए वर्णन गर्नुहोस्) पर्दछन् । अन्त्यमा परीक्षणको नतिजा विवरण संलग्न गर्नुहोस् । यसमा केवल अनुसूचीका नम्वर उल्लेख गर्नुहोस् ।
३. बालीको जात जाति प्रजाति पिच्छे त्यस्ता गुणहरु फरक हुन सक्नेछन् ।
४. आर्थिक रुपले महत्वपुर्ण बालीको प्रमुख भागहरुमा गेडा/अन्न/पात/जरा/डाँठ/टुप्पो बीउ/फल/आलु जस्तो कन्द/डालो/रेशा/ ईत्यादि पर्दछन् ।

प्रस्तावक
सही:
नाम:
दर्जा:
संस्थाको नाम:
पत्राचार ठेगाना:
टेलिफोन नं.:
फ्यनाक्स नं.:
इ- मेल:
वेवसाइट (आवश्यक परेमा):

## सूचना ३

श्री ५ को सरकारले बीउ विजन ऐन, २०४५ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५२, संख्या ३३ मिति २०५९।८।१६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना को,

१. प्रकरण १ को खण्ड (घ) को क्र.सं. २८ पछि देहायको वाक्यांश थपिएको छः-

| क्र.सं. | वालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| २९ | गौतम (बी.एल. १८८७) | २०६१ (२००४) | तराइ टार तथा उचाई ५०० मिटर भन्दा कम भएको उपत्यका |

२. प्रकरण २ को खण्ड (ख) को क्र.सं. ७ पछि देहायको वाक्यांश थपिएको छः-

| क्र.सं. | वालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| ८ | शितल (आइ.एल. एल. २५८०) | २०६१ (२००४) | सम्पूर्ण तराई र मध्य पहाड |

३. प्रकरण २ को खण्ड (घ) को क्र.सं. २ पछि देहायको वाक्यांश थपिएको छः-

| क्र.सं. | वालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| ३ | सूर्य (आइ टि. ८६ डि. ७९२ | २०६१ (२००४) | मध्य र पश्चिम तराइ, भित्री मधेश |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. प्रकरण ५ पछि देहायको प्रकरण ६ थपिएको छः-

" ६. घाँसे बाली

क. जै

| क.सं. | बालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| १ | कामधेनु जै (खुमल जै-१) | २०६१ (२००४) | तराई, मध्य पहाड |
| २ | नेत्र जै (खुमल जै-३) | २०६१ (२००४) | तराई, मध्य पहाड |

"

आज्ञाले,
रामकुमार आचार्य
उप-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।